## एक निर्वाचन क्षेत्र एक पक्की पुल निर्माण कार्यक्रम छनौट मापदण्ड, २०८१

मधेश प्रदेश सरकारले आ.व. २०८१/८२ मा लिएको नीति तथा कार्यक्रमको बुँदा नं. ६८ मा सडकमा पर्ने तथा अन्य महत्वपूर्ण नदि तथा खोलाहरुमा **एक निर्वाचन क्षेत्र एक पक्की पुल निर्माण** कार्यक्रम तथा आर्थिक वर्ष २०८१/८२ को बजेट बक्तव्यको बुँदा नं. १२७ मा **"एक निर्वाचन क्षेत्र एक पक्की पुल निर्माण कार्यक्रम"** कार्यान्वयन गर्न रकम विनियोजन गरिएको हुँदा उक्त नीति तथा कार्यक्रम र बजेट बक्तव्यमा उल्खेलित व्यवस्थालाई कार्यान्वयन गर्न प्रत्येक प्रदेश सभा सदस्य निर्वाचन क्षेत्रमा एक पक्की पुल पहिचान, छनौटको तथा निर्माणको आधारलाई स्पष्ट एवं व्यवस्थित गर्नको लागि मधेश प्रदेश विनियोजन ऐन, २०८१ को दफा ९ (१) ले दिएको अधिकार प्रयोग गरी मधेश प्रदेशको सरकारले मापदण्ड जारी गरेको छ ।

### परिच्छेद-१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यस मापदण्डको नाम "एक निर्वाचन क्षेत्र एक पक्की पुल निर्माण कार्यक्रम छनौट मापदण्ड, २०८१" रहेको छ।

(२) यो मापदण्ड मधेश प्रदेश सरकारबाट स्वीकृत भएपछि लागु हुनेछ।

२. **परिभाषा**: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा,-

(क) **"मापदण्ड"** भन्नाले मधेश प्रदेश सरकारबाट स्वीकृत "एक निर्वाचन क्षेत्र एक पक्की पुल निर्माण कार्यक्रम छनौट मापदण्ड, २०८१" लाई सम्झनु पर्छ।

(ख) **"मन्त्रालय"** भन्नाले मधेश प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालय सम्झनु पर्छ।

(ग) **"निर्वाचन क्षेत्र"** भन्नाले निर्वाचन क्षेत्र निर्धारण ऐन, २०७३ को दफा ४ बमोजिम निर्धारण भई मधेश प्रदेशमा रहेको प्रदेश सभा सदस्य निर्वाचन क्षेत्रलाई सम्झनु पर्छ।

(घ) **"PRNMP"** भन्नाले मधेश प्रदेश सरकारबाट स्वीकृत भई लागू भएको प्रादेशिक सडक संजाल गुरुयोजना (Provincial Road Network Master plan) लाई सम्झनु पर्छ।

(ङ) **"पुल"** भन्नाले नदी, सडक वा अन्य अवरोधलाई कुनै वाधा नपारी पैदल यात्री वा सवारी साधनले पार गर्ने सडक, मार्ग, रेलवे, आदि बोक्ने संरचना सम्झनु पर्छ।

(च) **"कार्यक्रम"** भन्नाले यस कार्यविधि बमोजिम छनौट भएका एक निर्वाचन क्षेत्र एक पक्की पुल निर्माण कार्यक्रमलाई सम्झनु पर्छ।

(छ) **"आयोजना"** भन्नाले एक निर्वाचन क्षेत्र एक पक्की पुल निर्माण कार्यक्रम अन्तर्गत छनौट भएका पुलको योजनालाई सम्झनु पर्छ।

संजय प्रसाद साह
नि. प्रदेश सचिव

(ज) **"समिति"** भन्नाले यस मापदण्डको दफा ५ को उपदफा (१) बमोजिमको आयोजना छनौट तथा स्वीकृति समितिलाई सम्झनु पर्छ ।

(झ) **"कार्यालय"** भन्नाले भौतिक पूर्वाधार विकास मन्त्रालय, मधेश प्रदेश अन्तर्गत रहेका पूर्वाधार विकास कार्यालयलाई सम्झनु पर्छ ।

(ञ) **"निर्देशनालय"** भन्नाले पूर्वाधार विकास निर्देशनालयलाई सम्झनु पर्छ ।

(ट) **"आयोजना बैंक"** भन्नाले प्रदेश नीति तथा योजना आयोगमा स्थापना भएको प्रदेश आयोजना बैंक लाई सम्झनु पर्छ ।

(ठ) **"मझौला स्तरको पुल"** भन्नाले पच्चीस मिटर देखि पचास मिटर सम्म लम्बाई भएको पुललाई सम्झनुपर्छ ।

## परिच्छेद-२

## आयोजना छनौट तथा स्वीकृति

३. **आयोजना प्रस्ताव**: (१) मधेश प्रदेशका सबै प्रदेश सभा सदस्य निर्वाचन क्षेत्रबाट निर्वाचित प्रदेश सभा सदस्यले आफू निर्वाचित भएको निर्वाचन क्षेत्रको PRNMP को छनौटमा परेका सडकहरुमा पक्की पुल आयोजना छनौटका लागि बढीमा दुई वटा मझौला स्तरको पक्की पुलको नाम देहायको प्राथमिकताको आधारमा प्रस्ताव गर्नुपर्नेछः-

(क) निर्वाचन क्षेत्रभित्रको आर्थिक, सामाजिक विकास, कृषि, पर्यटन तथा औद्यौगिक विकासमा टेवा पुग्ने ।

(ख) बहुवर्षीय आयोजनाको रुपमा बढिमा तीन वर्षभित्र सम्पन्न गर्न सकिने ।

(ग) कुनै स्थानीय तह वा वडा पक्की पुलकै कारण सर्वयाम सडक पहुँचबाट बञ्चित रहेको अवस्था ।

(घ) उपदफा (१) बमोजिम प्रस्तावित पुलहरुको Walk Over Survey पूर्वाधार विकास कार्यालयबाट गराई संभाब्यता तथा उपयुक्तताको अवस्था ।

(२) सम्बन्धित निर्वाचित प्रदेश सभा सदस्यले उपदफा (१) बमोजिम आयोजनाको नाम मापदण्डको अनुसूचि-१ बमोजिमको ढाँचामा सम्बन्धित पूर्वाधार विकास कार्यालयमा आ.व. २०८१/०८२ को माघ महिनाको पहिलो साता भित्र पेश गरि सक्नु पर्नेछ ।

संजय प्रसाद साह
नि. प्रदेश सचिव

(३) उपदफा (२) बमोजिम पेश भएका आयोजनाहरु कार्यालयले मापदण्डको अनुसूचि-१ बमोजिमको ढाँचामा सोही आ.व. को माघ महिनाको दोस्रो साता भित्र निर्देशनालयमा र निर्देशनालयले सबै कार्यालयहरुबाट प्राप्त आयोजनाहरुको एकिकृत विवरण सोही आ.व. को माघ महिनाको तेस्रो साता भित्र मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(४) उपदफा (२) र (३) बमोजिमको समयसीमा नाघेर पेश हुन आएका आयोजनाहरुको छनौट तथा स्वीकृति गर्ने निर्णयको अधिकार आयोजना छनौट तथा स्वीकृति समितिलाई हुनेछ।

४. **आयोजना छनौट तथा स्वीकृति:** दफा ३ बमोजिम प्रस्ताव गरिएका आयोजनाहरु मध्ये उपयुक्तता तथा संभाव्यताको-आधारमा कुनै एक आयोजना निर्माण गर्ने गरी दफा ५ बमोजिमको समितिले छनौट तथा स्वीकृति गर्नेछ।

तर पहिलो प्राथमिकतामा रहेको पक्की पुल प्राविधिक प्रतिवेदनबाट छनौट तथा स्वीकृति गर्न उपयुक्त नरहेमा मात्र दोस्रो प्राथमिकतामा रहेको पक्की पुल छनौट तथा स्वीकृति गर्नुपर्नेछ।

## परिच्छेद-३

## आयोजना छनौट तथा स्वीकृति समिति सम्बन्धी व्यवस्था

५. **आयोजना छनौट तथा स्वीकृति समितिको गठन**: (१) एक निर्वाचन क्षेत्र एक पक्की पुल आयोजना छनौट तथा स्वीकृति गर्नका लागि भौतिक पूर्वाधार विकास मन्त्रालयमा देहाय बमोजिमको एक समिति रहनेछः-

| | |
|---|---|
| (क) मन्त्री, भौतिक पूर्वाधार विकास मन्त्रालय | अध्यक्ष |
| (ख) उपाध्यक्ष वा निजले तोकेको सदस्य, प्रदेश नीति आयोग | सदस्य |
| (ग) प्रदेश सचिव, अर्थ मन्त्रालय | सदस्य |
| (घ) प्रदेश सचिव, भौतिक पूर्वाधार विकास मन्त्रालय | सदस्य |
| (ङ) कार्यकारी निर्देशक, पूर्वाधार विकास निर्देशनालय | सदस्य-सचिव |

(२) उपदफा (१) बमोजिमको छनौट तथा स्वीकृति समितिको बैठक समितिको अध्यक्षको निर्देशनमा आवश्यकता अनुसार बस्नेछ। समितिको बैठक संचालन सम्वन्धी कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ।



संजय प्रसाद साह
प्रदेश सचिव

## परिच्छेद-४

## आयोजनाको बजेट व्यवस्थापन

६. **आयोजनाको वजेट व्यवस्थापन:** (१) दफा ५ को उपदफा (१) बमोजिमको समितिले दफा ४ बमोजिम छनौट तथा स्वीकृत गरेका आयोजनाहरुको कार्यान्वयन गर्न आवश्यक पर्ने वजेट व्यवस्थापनको लागि प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ र मधेश प्रदेश विनियोजन ऐन, २०८१ बमोजिमको प्रक्रिया पूरा गरी मधेश प्रदेश सरकार समक्ष मन्त्रालय मार्फत सिफारिश गर्नु पर्नेछ।

## परिच्छेद-५

## आयोजनाको कार्यन्वयन सम्बन्धमा

७. **आयोजनाको कार्यान्वयन:** (१) दफा ६ को उपदफा (१) बमोजिम स्वीकृत आयोजनाहरुको कार्यान्वयन निर्देशनालय र सम्बन्धित कार्यालयबाट सार्वजनिक खरिद सम्बन्धि प्रचलित कानूनको परिधि भित्र रही हुनेछ।

(२) उपदफा (१) बमोजिम कार्यान्वयन गर्दा सामाजिक तथा वातावरणीय अध्ययन नगरी आयोजना संचालन गर्न पाईने छैन।

८. **प्रचलिन कानून बमोजिम हुने:** यस मापदण्डमा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

संजय प्रसाद साह

अनुसूची - १

(दफा ३ को उपदफा (२) संग सम्वन्धित)

मधेश प्रदेश सरकार

भौतिक पूर्वाधार विकास मन्त्रालय ।

**पूर्वाधार विकास कार्यालय,...............**

*एक निर्वाचन क्षेत्र एक पक्की पुल निर्माण कार्यक्रम अन्तर्गतका आयोजनाहरु छनौटका लागि प्रस्ताव पेश गर्ने ढाँचा*

प्रदेश सभा सदस्यको नामः

जिल्लाः प्रदेश सभा सदस्य निर्वाचन क्षेत्रः

| प्रस्तावित आयोजनाको प्राथमिकता क्रम. | प्रस्तावित आयोजनाको नाम | आयोजना पर्ने स्थानीय तह को नाम | आयोजना पर्ने खोला/ ठाउँको नाम | आयोजना पर्ने सडकको नाम | सडकको किसिम (PH or PR) | PRNMP No. | सडकको प्राथमिकता नं. | सडकको चौडाई | आयोजनाको प्रारम्भिक सामाजिक तथा वातावरणीय रुपमा कार्यान्वयन हुने अवस्था | छनौटका लागि प्रस्ताव गर्नुको कारण |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | | | | |
| २. | | | | | | | | | | |

प्रस्तावक प्रदेश सभा सदस्यको

दस्तखत

मितिः-

कार्यालय छाप

कार्यालय प्रमूखको दस्तखत

मितिः संजय प्रसाद साह